नेपाल सरकार

भूमि व्यवस्था,सहकारी तथा गरिबी निवारण मन्त्रालयको

सूचना

"नक्कली सुकुम्बासी आयोग बनाएर ठगी धन्दा" भन्ने शीर्षकको मिति २०७७।०६।२६ को अनलाइन खबर र "सुकुम्बासी आयोगको नाममा ठगी गरेको आरोपमा एक जना पक्राउ" शीर्षकको मिति २०७७।०६।२६ नयाँ पत्रिका दैनिकमा प्रकाशित समाचार प्रति यस मन्त्रालयको ध्यानाकर्षण भएको छ । यसरी नक्कली सुकुम्बासी आयोग वा यस्तै प्रकृतिका संगठित वा असंगठित समूह बनाएर ठगी धन्दाको गतिविधि गर्ने गराउने प्रति सजग र सचेत रहन अनुरोध गरिन्छ ।साथै भूमि सम्बन्धी समस्या आयोगको जिल्ला स्तरीय समिति गठन भएपछि स्थानिय तह मार्फत सार्वजनिक सूचना प्रकाशित गरिने नै छ। अव्यवस्थित बसोबासी बाहेक भूमिहिन दलित र भूमिहिन सुकुम्बासीले जग्गा प्राप्तीका लागि कुनै शुल्क बुझाउनु नपर्ने र अव्यवस्थित बसोबासीका लागि जग्गा धनी दर्ता प्रमाण पूर्जा प्राप्त गर्ने समयमा निश्चित शुल्कका अतिरिक्त अन्य कुनै शुल्क नलाग्ने व्यहोर समेत जानकारी गराईन्छ। भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई आवास र जग्गाको व्यवस्था मिलाइदिन्छौ, त्यस वापत यति रकम लाग्छ भन्दै विभिन्न प्रलोभन देखाई सर्वसाधारणलाई झुक्याई अनुचित लाभ लिने गरी कोही कसैबाट त्यस्तो गैर कानूनी गतिविधि हुन लागेको थाहा हुन आएमा यस मन्त्रालय, भूमि सम्बन्धी समस्या समाधान आयोग, जिल्ला प्रशासन कार्यालय, नजिकको प्रहरी कार्यालय र सम्बन्धित स्थानीय तहमा जति सक्दो छिटो साधन द्वारा सोको जानकारी गराउनु हुन सबैमा अनुरोध गरिन्छ।

**मन्त्रालयमा**

सम्पर्क व्यक्तिः-टोलराज उपाध्याय (सूचना अधिकारी)

सम्पर्क नम्बरः-०१-४२११६६६

फ्याक्स नम्बरः-०१-४२३२२६२

इमेल ठेगानाः-info@molcpa.gov.np

(प्रवक्ता)

जनकराज जोशी

सह-सचिव